COLUMBUS CITY SCHOOLS

## अभिभावक/संरक्षकलाई सूचित राख्नकालागि महत्त्वपूर्ण जानकारी

**के तँपाईको प्यारेन्ट पोर्टल खाता (एकाउन्ट) सक्रिय गराइएको छ?** कलम्बस सिटि स्कूलको प्यारेन्ट पोर्टल स्थापित गरि त्यसमा साइन्-इन गरेर आफ्नो बच्चाको शिक्षामा संलग्न हुनुहोस। प्यारेन्ट पोर्टल मार्फत तँपाईले सुरक्षित रूपमा आफ्नो विद्यार्थी (हरू)का बहुमूल्य जानकारीहरू पहुँच गर्न सक्नुहुनेछ:

- शिक्षकसँग सम्पर्क
- तह र पाठ्पक्रम तालिकाहरु
- दैनिक उपस्थिति
- छुटेका कामहरू
- कागजरहित निवेदनहरु: स्कूल विकल्प, ग्रीष्मकालीन स्कूल र क्यारियर टेककालागि
- सम्पर्कका जानकारी अध्यावधिक गर्न
- शुल्क तिर्न

**२०१९-२०२० का लागि नयाँ!** तँपाईको बच्चाकालागि सबैभन्दा नयाँ सम्पर्क फोन नम्बर जिल्ला र यसका स्कूलहरूलाई तँपाईको परिवारसँग फोन, म्यासेज र ईमेल मार्फत कुराकानी गर्न, जानकारी दिन आवश्यक छ। तँपाईको बच्चाको प्रत्येक बर्ष सम्पर्क जानकारीको अध्यवधिक गर्न अत्यन्त महत्त्वपूर्ण छ र अब यो प्यारेन्ट पोर्टल मार्फत अनलाइन मार्फत सजिलो हुन्छ।

**तँपाईको सम्पर्क जानकारी अपडेट गर्नु पर्ने छ?** यो सबै अनलाइन पोर्टल मार्फत वार्षिक अद्यावधिक गर्न सकिन्छ। यसले आपतकालीन सम्पर्कहरू, फोन नम्बरहरू र ईमेल ठेगानाहरू समावेश गर्दछ। कोलम्बस सिटी स्कूलहरूले स्कूल छनौट लटरी, क्यारियर टेक, ग्रीष्मकालीन स्कूल र अन्य उचित घोषणाकाबारेमा अटो-डायलरहरू र ईमेल सम्पर्कहरू मार्फत जानकारी सञ्चार गर्दछ।

**के तपाईको ठेगाना परिवर्तन गर्नु छ?** अभिभावक र संरक्षकहरूले अब उनीहरूको घर ठेगाना अद्यावधि गर्न र केन्द्रीय भर्ना केन्द्रमा नगइकन उनीहरूको विद्यार्थीको ठेगाना अनलाइन मार्फत वार्षिक रूपमा अद्यावधिक परिवर्तन गर्न अनुरोध गर्न सक्नेछन्।

**महत्त्वपूर्ण वार्षिक फारामहरू** पनि पोर्टल मार्फत वार्षिक अद्यावधिक अनलाइनबाट पूरा गर्न सकिन्छ। यसले आपतकालीन सम्पर्क जानकारी, विद्यार्थीको जानकारी जारी गर्न सहमति, इन्टर्नेटको स्वीकार्य प्रयोग, परिवारको शैक्षिक अधिकार र गोपनीयताको हक (FERPA)र संझौता फाराम जस्ता स्वीकृतिहरू समावेश गर्दछ।

वार्षिक अद्यावधिक तुरून्त प्रकृयामा लगिनेछ र अविभावकहरूले अद्यावधिक पूरा गरेपछि पुष्टिकरण ईमेल प्राप्त गर्नेछन्।

**मद्दत प्राप्त गर्न जरुरी छ?** प्रत्येक अभिभावक वा संरक्षकको आफ्नै निजी कोड हुन्छ।

**प्यारेन्ट पोर्टल सक्रिय गर्न सजिलो छ।**

१. www.ccsoh.us मा हाम्रो वेबसाइटमा जानुहोस् र परिवारहरू (FAMILIES) ट्याबमा क्लिक गर्नुहोस्।
२. बायाँपट्टिको प्यरेन्ट पोर्टल लिंकमा क्लिक गर्नुहोस्
३. पहिलो पल्ट प्रयोगकर्ता सक्रियता (FIRST TIME USER ACTIVATION) भन्ने बटनलाई क्लिक गर्नुहोस्
४. तँपाईको एक्टिभेशन कोड लगाउनुहोस् (यदि आवश्यक भएमा एउटा प्राप्त गर्न आफ्नो स्कूललाई सम्पर्क गर्नुहोस्। हामीलाई थाहा छ यो लामो छ - जसले डाटा सुरक्षित राख्न मद्दत गर्दछ - त्यसैले सावधानीपूर्वक टाइप गर्नुहोस्। एक पटक कोड सक्रिय भएपछि यो फेरि प्रयोग गर्न सकिँदैन।
५. तँपाईको प्रयोगकर्ता नाम/पासवर्ड सेट अप गर्न र रिकभरी ईमेल ठेगाना थप्न संकेतहरूको पालना गर्नुहोस्।

६.यदि तँपाईले आफ्नो प्रयोगकर्तानाम/पासवर्ड बिर्सनु भएको छ भने पोर्टलमा अवस्थित प्रयोगकर्तामा क्लिक गर्नुहोस्, त्यसपछि क्लिक गर्नुहोस् फोरगट प्रयोगकर्तानाम / पासवर्डमा, र जानकारी खाता सेट अप गर्न प्रयोग गरिएको ईमेलमा पठाइनेछ। यदि तँपाईसँग अब खाता सेटअप गर्दा तँपाईले प्रयोग गर्नुभएको ईमेलमा पहुँच छैन भने,कृपया एक चित्र आईडी portalportalaccess@columbus.k12.oh.us मा पठाउनुहोस्।
प्यारेन्ट पोर्टल लगइनले तँपाईलाई निजीकृत सतर्कताहरू तपाईंको स्मार्टफोनमा सीधा **कोलम्बस सिटि स्कूल मोबाइल एप्स्मार्फत** पठाउन अनुमति दिनेछ। अब तँपाईले नि:शुल्क कोलम्बस सिटी स्कूल मोबाइल एप्स् डाउनलोड गर्न आफ्नो मोबाइलको एप्स् भण्डारमा **"कोलम्बस सिटी स्कूल्स"** खोजी गरेर डाउनलोड सक्नुहुनेछ।

**अझै प्रश्नहरू छन्?** जिल्लाको फ्याक्टलाइनलाई ६१४-२२१-३२२८ मा वा केन्द्रीय भर्ना केन्द्रलाई ६१४- ३६५-४०११ मा सम्पर्क गर्नुहोस्।